**आ.व. ०८०/८१ को एघारौँ बैठक**

आज मिति २०८० साल फाल्गुण ०५ गते शनिबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री मिलन कुमार लिम्बु | कार्यवाहक वडाध्यक्ष | ९८४७८०५७५८ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री सन्देश कुमार साम्सोहाङ | कार्यवाहक वडाध्यक्ष | ९८०४९९४६४० | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इक्साहाङ सुब्बा | सदस्य-सचिव | ९८४१४९०८६० | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

प्रा.स. श्री अर्जुन श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्तावहरुको प्राथमिकीकरण सम्बन्धमा।

३. प्रहरी चौकी, थुम्वेदिनलाई Wifi Net उपलब्ध गराउने सम्बन्धमा।

४. ३ नं. वडा कार्यालयको पुरानो भवनको टिन र काठ कुम्भकर्ण आ.वि., तिरिङ्गेलाई विद्यालय भवन घेराबारा गर्नको लागि उपलब्ध गराउने सम्बन्धमा।

५. आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे नि.प्र.प्र.अ.श्री इक्साहाङ सुब्बाबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, अनुसन्धान तथा गुणस्तर सुधार शाखा, सानोठिमी, भक्तपुरको मितिः २०८०/१०/०९ गतेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना बमोजिम आ.व. ०८०/०८१ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पाथीभरा याङवरक गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुले ल्याएको प्रस्ताव उपर छलफल गरि विद्यालयहरुको भौतिक पुर्वाधारको अवस्थाको मध्यनजर गरेर निम्नानुसार प्राथमिकताक्रम तोकी पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

निम्न:

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्तावहरुको प्राथमिकीकरण:**

| क्र.स. | विद्यालयको नाम र ठेगाना | कार्यक्रमको शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | श्री थेचम्बु मा.वि., पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | कम्प्युटर विज्ञान(प्राविधिक धार) | |
| २ | श्री महाकाली आ.वि., पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | चार कोठे भवन | |
| ३ | श्री जनता आ.वि., पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ। | विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना। | |
| ४ | श्री कुम्भकर्ण आ.वि., पाथीभरा याङवरक-३, तिरिङ्गे, ताप्लेजुङ। | विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना। | |
| ५ | श्री थेचम्बु आ.वि., पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना। | |
| ६ | श्री चण्डेश्वरी आ.वि., पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | चार कोठे भवन | |

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा प्रहरी चौकी, थुम्वेदिनको मितिः २०८०/११/०१ गते पत्रमा Wifi Net को माग भएको साथै उक्त प्रहरी चौकीमा सूचना तथा सञ्चारसम्बन्धी कामकाज गर्नको लागि इन्टरनेटको आवश्यकता परेको हुनाले, कार्यालयबाट Wifi Net को व्यवस्थापन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा ३ नं. वडा कार्यालय, तिरिङ्गेको पुरानो वडा कार्यालय भवन भत्किई, उक्त भवनमा रहेको टिन र काठहरु सोहि वडाको कुम्भकर्ण आ.वि.को भवन घेराबारा गर्नु पर्ने भएकोले, सो

विद्यालयलाई पुरानो वडा कार्यालय भवनबाट निस्केका सम्पुर्ण टिन र काठहरु उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-५**

प्रस्ताव नं.- ५ माथी छलफल गर्दा यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष अन्तर्गत आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बिकेन्द्र लिम्बु | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ । | ३००००।- | |
| २ | पवित्रा सार्की | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ । | १५०००।- | |